# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

## २०७८/०१/०५

### सातौं अधिवेशन

### (उन्नाइसौं वैठक)

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको सातौं अधिवेशनको उन्नाइसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

**ढ्यापढ्यापेमा माननीय भरत बहादुर खड्का**

सभामुख महोदय, समयको लागि धन्यवाद छ । प्रदेश सरकारले हतारमा राजधानी गोदावरीमा सार्यो र ठुलो गफ लगायौ कि दिपायलमा निर्देशनालयहरु रहने छन् भनेर झुट बोल्यो अहिले आएर डिआजी कार्यालय, पृतना, लोकसेवा, शिक्षा निर्देशनालयहरु खाली गरिराखेका छन् दैनिक रुपमा त्यहाका निर्देशनालयहरु खाली गर्ने काम मुख्यमन्त्री लगायतको प्रदेश सरकारले अरु काम पाएन त्यो काम गर्ने गरेको छ । यसलाई हामीले गम्भिर रुपमा लिइरहेका छौ । त्यसको गम्भिर परिणाम पनि भोग्नु पर्ने अवस्था आउला र अर्को कुरा मलाई के लाग्छ भन्दा गत बर्ष बाढीले आक्रान्त भयो यो क्षेत्र तराईमा पनि डुबान भयो पहाडमा पनि डुबान भयो, रामारोसनमा त्यत्रो जनधनको क्षति भयो त्यहा पनि सरकारको ध्यान पुगेको छैन । बाजुरामा सडक अवरुद्ध भयो र सँग सँगै टोलीले प्रतिबेदन पेश गर्यो त्यसको कुनै हिसाब किताब छैन अस्थि मात्रै म बाजुरा मार्तडीमा पुग्दा अब यो बर्षा यो सरद बुझ्ने वाला छैन र बाजुराले यो पालि धेरै दुख पाउनेवाला छ यतातिर प्रदेश सरकारको ध्यान पुगेको छैन । रामारोशनमा जो संरचनाहरु भत्किएका छन् र त्यहा धनजनको क्षति भएको छ त्यस तर्फ पनि यो सरकारको ध्यान पुगेको छैन र अर्को कुरा मलाई के लाग्छ भन्दा खेरी यो बजेट पनि आफु खुशी खर्च गर्ने एउटा कार्यविधी बनाएर ऐनलाई विस्थापित गर्ने मन्त्रीलाई मन्त्रीलाई के अधिकार छ, संविधानले के अधिकार दिएको छ र नियमावलीले के अधिकार दिया छ भन्ने तर्फ सरकारका मन्त्रीहरुले बाइपास गरेर चाहि आफु खुशी निर्णय गर्ने गरेका छन् र मलाई लाग्छ विधीको शासन र कानूनलाई नियमन गर्ने कुरा त सरकारको हो र एकातिर नियम एकातिर कानून कार्यविधी बनाएर नियम कानूनलाई विस्थापित गर्ने, आफुखुशी बजेट योजना दिने काम अहिले पनि यो रोकिएको छैन सभामुख महोदय, यो कुरा तुरुन्त रोकिनु पर्छ भन्ने मेरो आग्रह छ र आज केही दिन अगाडी मात्रै दोधरा चादनीमा हावाहुरीले गर्दा खेरी एउटा बस्ती नै सखाप बनाएको छ र त्यतातिर पनि यो सरकारको ध्यान जान सकेको छैन । विगतमा पनि तराईमा त्यत्रो डुबान भयो र ठुला कुराहरु गरियो । हावाहुरीले धेरै कुराहरुको नोक्सान गर्यो सरकार त्यहा पनि उपस्थित हुन सकेन समग्रतामा यो सरकार गफ गरेको छ संविधान एकातिर, विधी एकातिर, पद्धती एकातिर र आफुखुशी काम गरेका छन् हुन सक्छ पदमा हुन्जेल सम्म त गर्लान र

भोली यसको मुल्यांकन त जनताले गरेका छन् त्यसैले मलाई के लाग्छ भन्दा कार्यविधी सँग बाझिएका ऐनहरु म सभामुखज्यू सँग हार्दिक अनुरोध गर्न चाहान्छु ती सचिवालयले मगाएर ऐनलाई विस्थापित गरेर आफुखुशी कार्यविधी बनाएर जो काम गरेका छन यो गैर संवैधानिक कानून विरुद्ध कुरा भैराखेको छ विधीको उपास भएको छ पद्धतीको उपास भैरहेको छ यो कुरालाई छानविन गर्नको लागि ती कुरालाई सचिवालयमा मगाएर त्यसको छानविन गर्ने एउटा टोली बनाउनु पर्छ । त्यस्ता अवैंधानिक काम नगर्न सभामुख मार्फत म आग्रह गर्न चाहान्छु धन्यवाद ।

**उमा कुमारी वादी**

२०७८ सालको मंगलमय शुभकामना सम्पूर्ण माननीयज्यू, मन्त्रीज्यूलाई टक्राय मैले अस्थि भर्खरै मैले प्रदेश सरकारको ध्यानाकर्षण भो कि जस्तो लाग्या थियो मलाई दोधारा चादनीमा बस्दै आएका वादी समुदायलाई हिजो अस्थिको हुरी बतासले उठिवास भाको छ उनीहरुले टागेको पाल पनि उडाएर चिल्ली विल्ली भा को छ साच्चीकै गरेर यो मुलुकमा यो प्रदेशमा माछा, बंगुर, हात्ति, जनावरको लागि जंगल, माछाको लागि तालतलैया संरक्षण गर्छन भने यही मुलुकमा यही प्रदेशमा बस्ने वादी समुदायको उठिवास भएको छ त्यहा सिडियो सापलाई फोन गर्दा खेरी माथिबाट फोन गर्न लगाउनु भो भनेर मलाई उल्टा जवाफ आयो त्यहाको नगरप्रमुख जीलाई फोन गर्दा खेरी मैले के गर्न सक्छु र मलाई चिठ्ठी चाहियो हिजो अस्थि पनि त्यही जवाफ पाए साच्चीकै गरेर सिंहदरबारको अधिकार हाम्रो गाउँमा पुग्यो कि ठुलाबडाको खल्तीमा पुग्यो यो प्रदेशको जनताहरुले मात्रै होईन यो देशभरीका जनताले बुझिरहेका छन् उखान टुक्का त पुग्यो सकिन्छ भने यो प्रदेशको सरकारले उखान टुक्का भन्ने माहिर गुरुजीलाई दक्षिणा हुन्छ कि सम्मान गर्न सकोस मेरो आग्रह छ हैन भने यो प्रदेशमा बस्दै आएका वादी समुदाय मात्रै होईन सम्पूर्ण यो देशका वासिहरुको व्यवस्था गर्ने जिम्मा प्रदेश सरकारको हो त्यस कारण ती वादी समुदायलाई कसरी हुन्छ प्रदेश सरकारको ध्यानाकर्षण हुन एकदम जरुरी छ फेरी पनि मैले त्यो कुरा दोहोराउने पक्कै पनि मेरो मन होईन तर आज पनि वादी समुदाय घुमन्ते मगन्ते जीवनबाट यो देशका नागरिक सरह बाच्न चाहेका छन् तर यो प्रदेशको किन ध्यान पुगेको छैन । साच्चीकै वादी समुदाय आज पनि नाचि राखोस आज पनि हजुरहरुका ढोकामा गएर भिक मागि राखोस एउटा बर्ग, एउटा समुदाय यो राष्ट्रमा अधिकार विहीन भयो भने सिंगो राष्ट्र अधिकार विहीन हुन्छ त्यस कारण मेरो आग्रह छ सभामुखज्यूलाई कि छिटो भन्दा छिटो ती वादीहरुको व्यवस्था गरियोस हैन भने उखान टुक्का मै सिमित होला यती भन्दै मेरो आग्रह छ ।

**माननीय सदस्यहरु,**

अब, **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही शुरु हुन्छ ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (२) को देहाय खण्ड (क) बमोजिम प्रस्ताव प्रस्तुत गर्न विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम २ को खण्ड (क) बमोजिम प्रतिबेदन सहितको विधेयक माथि छलफल गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले प्रस्तुत गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(“हुन्छ” भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*("हुन्न" भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफलको कार्य समाप्त भए पश्चात प्रस्तुत भएको प्रतिवेदन सहितको विधेयक माथि सभामा छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब, **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन माथि सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२१ को उपनियम (८) बमोजिम छलफल प्रारम्भ हुन्छ । छलफलमा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुसाङ्गिक अन्य दफाहरूमा मात्र छलफल गरिनेछ । छलफलमा भाग लिन चाहनुहुने प्रत्येक माननीय सदस्यहरूको लागि ५ (पाँच) मिनेटको समय निर्धारण गरेको छु ।

**सर्वप्रथम माननीय लाल बहादुर खड्का लाई समय दिन्छु ।**

सभामुख महोदय, सर्वप्रथम नयाँ बर्ष २०७८ को सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहान्छु । सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक २०७७ मा अर्थ विकास तथा प्राकृतिक स्रोत समितिले अत्यन्त मेहनतका साथ छलफल भएर प्रस्तुत भएको छ । यो विधेयक अझै पहिले नै आउनु पर्थ्यो जतिबेला हामीले सुदूरपश्चिममा नीति तथा योजना आयोग गठन गर्यौं त्यो सँग सँगै योजना आयोगलाई गतिशिल बनाएको भए अझ यस बर्षको योजना सरकारको बजेट अझ प्रभावकारी ढंगले आउन सक्थ्यो ढीलै भए पनि त्यो संशोधन आएको छ र यसले खास गरिकन नीति तथा योजना आयोग बनीसके पछाडी हिजो २०७४ सालमा हामीले बनाउदा खेरी जुन खालको स्टक्चर थियो जुन खालको अवस्था थियो त्यही अनुसारको विधेयक बनायौ कानून बनायौ र पछिल्लीबेला नीति तथा योजना आयोग बनी सकेपछि त्यसलाई क्रियाशिल गर्नको लागि, त्यसका कामहरुलाई व्यवस्थापन गर्नको लागि यो संशोधन आवश्यक थियो ती कुराहरु यो विधेयकको संशोधनमा समेटिएका छन् त्यसो भएको हुनाले यसमा धेरै छलफल गर्नुपर्ने विषय पनि छैन कि यसलाई चाडो अझ चाडै पास गरेर योजना आयोगलाई हामी अन्तितिर छौ यो बजेट बनाउने तरघरमा सरकार छ त्यसो भएको हुनाले योजना आयोगको भूमिकालाई अझ सबल बनाउन अझ प्रभावकारी बनाउन आवश्यक छ र हामीले योजना आयोग बीना यतिन्जेलका बजेटहरु आए र त्यो बजेटले सुदूरपश्चिमको दीशालाई निर्धारण गर्न सकेन हामी कता जाने भन्ने कुरालाई ठोस रुपले निर्धारण गर्न सकेन र अहिले पनि योजना आयोग बनी सकेपछाडि उसले धेरै विषयमा छलफल गर्छ कि भन्ने लाग्या थियो । हुन त योजना आयोगका आफ्ना व्यवस्थापकीय कामहरु होलान त्यसका बावजुत पनि हामी बजेटको नजिक पुगिसक्या छौ अहिले धेरै कुरा त यही संशोधनमा आएका छन् कि यसपालि हामी अलिका लागि मात्रै कानून बनाइराछौ त्यसो हुनाले अलि अलि छलफल भैदिया भए अझ राम्रो हुने थियो तर पनि आफ्ना छलफलहरुलाई अगाडी बढाउन सक्या छैन त्यस कारण मैले धेरै कुरा नराखिकन यो बर्षको बजेटले हामीसँग जति साधन स्रोत होला त्यति परिचालन गरौला तर सुदूरपश्चिमलाई कसरी अगाडी बढाउने, कहा लैजाने भन्ने एउटा स्पष्ट दिशा निदृष्ट गर्ने खालको एउटा बजेट योजनाहरुले तय गरोस त्यसमा हामी सबैको सहभागिता रहने छ सहयोग रहने छ भन्ने कुरा राख्दै मैले यो विषयमा धेरै कुरा नराखिकन यसलाई चाडो पास गरेर नीति तथा योजना आयोगलाई क्रियाशिल गर्नका लागि अनुरोध गर्दै मैले आफ्ना भनाई यही टुङ्ग्याउछु धन्यवाद ।

**माननीय गोविन्द राज बोहरा**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको आर्थिक कार्यविधी ऐन, २०७४ जुन संशोधन भएर आएको छ । विगतका दिनमा यो विधेयकमा छलफल गरेर गर्दा कुनै कुरा छुट हुन गएको अवस्था हो यसमा संशोधन भएर आएको छ । यसमा चाहि सचिवको प्रादेशिक मन्त्रालयको सचिवहरुको मात्रै उल्लेख गरिएको छ अहिले आएर चाहि प्रदेश सभा सचिव, सचिवालय सचिव र आयोगका सचिवहरुको पनि सम्बोधन गरिएको छ र यसलाई संशोधन गर्दा राम्रै देखिएको छ र यसलाई सँग सँगै जुन योजना आयोग छ आज हामीले तीन ओटा जुन बजेटहरु ल्यायौ ती बजेटहरु आएका छन् ती बजेटसँग सन्तुष्टी हुन सकेको छैन प्लानिङ कमिसन योजना आयोग असाध्य महत्वपूर्ण आयोग हो त्यो आयोग मार्फत सम्पूर्ण योजनाहरु फ्लो हुने एउटा परम्परा हो किन भन्दा खेरी आज प्रदेशको कुरा गरिराख्छौ । नेपाल

अधिराज्यको कुरा गरिराख्दा खेरी पनि जुन प्लानिङ कमिसनको कुरा छ प्लानिङ कमिसनका आधारमा जुन स्पष्टता प्लान राज्यको प्लान छ त्यो प्लानका आधारमा हेर्दा खेरी मुलुक अगाडी बढ्दछ । राज्य अगाडी बढ्दछ हामीले ढीला गर्यौं । यो प्लानिङ कमिसन बनाउन चाहि सरकारले प्रथम अधिबेशनमा ल्याउनु पर्ने कुरा हो आज सम्म यसलाई चाहि लागु गर्न सकिराखेका छैन यसैले पनि स्पष्ट भैसक्यो कि आगामी दिनमा ०७७/०७८ को बजेटमा चाहि लागु नहुने अवस्थामा हामी पुगेका छौ त्यसैले प्लानिङ कमिसन जुन बनेको छ योजना आयोग हिजोका दिनमा त्यो झ्यालबाट योजनाहरु प्रवेश गरेर योजनाहरु फ्लो गर्ने कुनै एकजना व्यक्तिहो निबेदनका आधारमा योजनाहरु दिने त्यसले चाहि अर्थतन्त्रमा ठुलो असर पर्छ । त्यसले त्यो पैसा कहा गैराखेको छ त्यो पैसा समय सापेक्ष खर्च भैराखेको छ छैन र त्यहाको जनतालाई सुविधा भैराखेको छ छैन भन्ने चाहि कही यसको हिसाब किताब छैन त्यसैले योजना आयोगले गर्ने कुरा के हो भने दुइ बर्षे योजना दश बर्षे योजना ५ बर्षे योजना आज विदेशमा ५० बर्षे योजनाहरु पनि संचालन भैसके भने हामी २ बर्षे योजनालाई पनि इम्पिलिमेन्ट गर्न सकिराखेका छैनौ त्यसैले अहिले प्लानिङ कमिसन गठन भएको छ साच्चीकै अब सरकारले एउटा काम के गरिदिनु पर्यो हाम्रो अनुरोध छ सभामुखज्यू मार्फत ती जति पनि योजनाहरु छ त्यसलाई योजना बैंक बनाएर प्लानिङ कमिसन मार्फत ती योजनाहरुलाई हाम्रो यो प्रदेशमा लागु गर्ने प्रवृतीको विकास होस त्यो झ्यालबाट दिएर अहिले पनि निबेदन हालेर म जिल्लामा जादा खेरि त्यहा भनिराखेका छन् निबेदन दिनुस हामी योजना अहिले पनि दिन्छु भनिराछन् यहा कुरा गर्दा खेरि बजेटै छैन कहाबाट योजना दिन्छु भनेर हामीले कुरा गर्दा खेरी त्यो कुरा आउछ तर त्यहा जिल्लामा कुरा गर्दा खेरी आफ्ना पार्टीका कार्यकर्तालाई समातेर यो योजना तपाइहरु ल्याउनुस हामी पैसा हाल्छु त्यसका भित्रि कुरा अन्य होलान भनेपछि यतातिर बजेट छैन भन्ने उता योजना ल्याउनुस हामी हाल्छु भन्ने त्यो योजनाले कति उन्नती गर्छ समाजमा कति त्यो समाजलाई उन्नतीको बाटोतिर लैजान्छ समाज भाड्ने काम ज्यादा भैराखेको छ त्यसैले यी कुराहरु रोक्नु पर्छ र अहिले जुन प्लानिङ कमिसन बनेको छ यो ऐनले त्यो कुरा बाटो देखाएको छ एउटा सिद्धान्त तह अगाडी बढेको छ त्यो कमिसन मार्फत हामीले अगाडी बढ्यौ र योजनाहरु राखेर त्यो प्लानिङ कमिसनले जुन निदृष्ट गर्छ त्यहा छलफल हुन्छ त्यहा एकेडेमिक मान्छे एक्सपोटहरु बसेर प्रदेशको प्लान बनाउने कुरामा अगाडी बढ्छ सरकारले त्यसका आधारमा अगाडी बढ्यो भने यो प्रदेशको विकास हुन सक्छ यो प्रदेश नयाँ मोडलमा जान सक्छ भन्ने धारणा छ धन्यवाद जयनेपाल ।

**माननीय मालामति कुमारी राना**

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक २०७७ सम्बन्धी आज हामी संशोधन माथि छलफल गरिराखेका छौ र समितिका माननीय सदस्यज्यूहरु, आमन्त्रित मन्त्रीज्यूहरु, सचिवज्यूहरुले एकदमै मेहनत गरेर ल्याउनु भएको छ संशोधन गरेर मेरो यसमा केही म सुझाव दिन चाहान्छु । क्रम संख्या ३ को दफा ७ को (१) मा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारण स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी बर्षको बजेट तर्जुमाका लागि बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको ठाउँमा नीति थप गरि नीति तथा ढाँचा निर्माण गरि चालु आर्थिक बर्षको चैत्र २५ गते सम्म छ मेरो यसमा सुझाव छ चैत्र

मसान्त भित्र सम्बन्धीत मन्त्रालय, आयोग, सचिवालय र निकायमा नीतिगत बजेट सीमा उल्लेख गरी बजेट तर्जुमा सम्बन्धी फेरी पुनः मार्ग दर्शनको ठाउँमा चाहि सुझाव थप गरि सुझाव पठाई सक्नु पर्नेछ मेरो सुझाव छ र सुजाव थप गरि सुझाव पठाउदा अवधिक विकास योजना र त्रिबर्षिय नीतिगत थप गरि नीतिगत खर्च संरचनालाई आधार मान्नु पर्छ भन्ने मेरो यसमा सुझाव छ मैले मार्ग दर्शनको बारेमा अलिकता चाहि सुझाव दिएको छु किन भन्दा खेरी मलाई लागेको मार्ग दर्शनले एउटा कता कता कसैले कोरिदिएको बाटो समात्नु जस्तो मलाई आभाष भएको हुँनाले मैले त्यो हटाएर संशोधन गर्नु पर्छ र नीति थप्नु पर्छ भन्ने मलाई लागेको छ धन्यवाद नमस्कार ।

**माननीय सदस्यहरू,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफल समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदन सहित विधेयक माथिको छलफलको निर्धारित समय यही समाप्त हुन्छ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि छलफलमा उठान भएका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक माथि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा व्यापक छलफल भएको छ । समितिका माननीय सभापतिज्यू मार्फत यो सदनमा प्रतिबेदन प्रस्तुत भैसकेको छ उक्त प्रतिबेदन सहितको विधेयक माथि माननीय सदस्यज्यूहरुका महत्वपूर्ण सुझावहरु यहा प्रस्तुत भएका छन् म माननीयज्यूहरुका महत्वपूर्ण सुझाव र गहन विचारका लागि धन्यवाद दिन चाहान्छु र यहाहरुका सुझावलाई सरकारले सकारात्मक रुपमा ग्रहण गरेर अगाडी बढ्ने कुरा समेत निबेदन गर्न चाहान्छु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ५ (पाँच) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरुलाई विधेयकको अङ्ग बनाईयोस् भनी सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११६ बमोजिम समूहिकृत रुपमा सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथि दफावार छलफलको कार्य समाप्त भई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिबाट पेश हुन आएको प्रतिवेदनमा क्रमसंख्या १ (एक) देखि ५ (पाँच) सम्मका उल्लेखित संशोधन वा थप हुनुपर्ने व्यवस्थाहरु सर्वसम्मतिले विधेयकको अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकका २ देखि १४ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको २ देखि १४ सम्मका दफाहरू, आनुसाङ्गिक अन्य दफाहरू तथा सम्बन्धित उपदफाहरू सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

**प्रस्तावना :** सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**माननीय सदस्यहरू,**

अब म, विधेयकको प्रस्तावना र नाम **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु ।

यसको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यसको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

यसको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** को अङ्ग बनेको घोषणा गर्दछु ।

**माननीय सदस्यहरू,**

अव म, विधेयक प्रस्तुतकर्ता आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहलाई **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम सभाबाट पारित गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक लाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को  नियम १२२ बमोजिम सभाबाट पारित गरियोस भनी यो प्रस्ताव पेश गर्दछु धन्यवाद ।

**माननीय सदस्यहरू,**

अब म, आन्तरिक मामिला तथा कानून मन्त्री माननीय प्रकाश बहादुर शाहले पेश गरेको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस् ।

*(हुन्छ भनेपछि)*

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस् ।

*(हुन्न भनेपछि)*

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ **"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेशको प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक"** माथिको कारबाही यही समाप्त हुन्छ । अर्को वैठक मिति २०७८ साल वैशाख ६ गते सोमबार दिउँसो १:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि वैठक स्थगित भएको घोषणा गर्दछु ।